| ६. | अन्य नोक्सानीको लागि व्यवस्था | १,२०,११९ | ६,८५,०४२ | ३,५६,७३९ | १,२०,११९ | - | - | २५,०३० | ६,८५,०४२ | ४,५१,८२८ | १,२०,११९ |
| ७. | कर्मचारी सम्बन्धी व्यवस्था | | | | | | | | | | |
| | क. पेन्सन तथा उपदान व्यवस्था | १,६८,९७,७२७ | १,६२,४०,०५२ | ३४,४०,७०७ | १९,५२,९७३ | - | १२,९५,२९८ | - | - | २,०३,३८,४३४ | १,६८,९७,७२७ |
| | ख. विदा बापत व्यवस्था | २२,६६,२२० | १४,१०,२७९ | १,४२,२५९ | ९,६८,०८० | - | १,१२,१३९ | - | - | २४,०८,४७९ | २२,६६,२२० |
| | ग. आवास तथा अन्य सुविधा व्यवस्था | - | - | - | - | - | - | - | - | - | - |
| | घ. कर्मचारी बोनस व्यवस्था | ४८,३५,९२९ | ३२,००,९२८ | ६५,२२,४९८ | ४८,३५,९२९ | ४८,३५,९२९ | ३२,००,९२८ | - | - | ६५,२२,४९८ | ४८,३५,९२९ |
| | ङ. अन्य | - | - | - | - | - | - | - | - | - | - |
| ८. | अन्य व्यवस्था (विवरण खुलाउने) | - | - | - | - | - | - | - | - | - | - |
| | **जम्मा** | ४,६०,३५,३१६ | ४,१३,४०,२२२ | ३,१३,८२,६२४ | २,१३,४४,०९२ | १,८८,०५,६१९ | १,४६,९७,६२४ | १९,०८,८५४ | १९,५१,३७४ | ५,६७,०३,४६७ | ४,६०,३५,३१६ |

## अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरू

अनुसूची- २४

| क्र.सं. | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १. | अपलेखन गर्न बाँकी प्रारम्भिक खर्च | - | - |
| २. | अपलेखन गर्न बाँकी पूर्व संचालन खर्च | - | - |
| ३. | अपलेखन गर्न बाँकी लगानीमा प्रिमियम | ३,५७,९०० | ७,६५,६५७ |
| ४. | अपलेखन गर्न बाँकी स्थगन गरिएका खर्च | - | - |
| ५. | अन्य (विवरण खुलाउने) | - | - |
| | **जम्मा** | ३,५७,९०० | ७,६५,६५७ |

# वित्तीय विवरणसंग सम्बन्धित प्रमुख लेखा नीतिहरू

अनुसूची- २५

**सामान्य परिचयः**

(क) प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि. नेपालमा स्थापित सीमित दायित्व भएको कम्पनी हो । यस कम्पनीको प्रधान कार्यालय नारायणचौर, नक्साल, काठमाडौंमा रहेको छ । यस कम्पनी नेपाल धितोपत्र विनिमय बजार लि. मा सूचिकृत भएको तथा बीमा समितिबाट बीमा ऐन, २०४९ को दफा १० को उपदफा ३ तथा बीमा नियमावली, २०४९ को नियम ८ को उपनियम (१) बमोजिम मिति २०५१ साल वैशाख ८ गते बीमकको प्रमाण-पत्र प्राप्त गरी २०५१ वैशाख २९ गतेदेखि बीमा व्यवसाय संचालन गरिरहेको छ ।

(ख) वित्तीय विवरणहरू तयार पार्दा आधार मानिएका लेखा नीतिहरू निम्न बमोजिम उल्लेख गरिएका छन्: अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरूको पालना निरन्तर रूपमा गरिएको छ ।

(ग) आर्थिक वर्ष २०७० श्रावण १ गतेदेखि २०७१ आषाढ ३२ गतेसम्मको संलग्न वित्तीय विवरणहरू यस कम्पनीको संचालक समितिको मिति २०७१/०९/१४ गते बैठकले पारित गरेको छ ।

## १. वित्तीय विवरण तयारीका आधारहरूः

१.१ यस कम्पनीले वित्तीय विवरण बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा बीमा समितिबाट जारी भएको निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशिका, प्रचलित कानून, नेपाल लेखा मापदण्ड समिति (Nepal Accounting Standard Board) बाट जारी भएको नेपाल लेखामान तथा लेखाको सर्वमान्य स्वीकार्य लेखा सिद्धान्त (GAAP) को अधीनमा रही तयार पारिएको छ ।

१.२ वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन् । नेपाल लेखामानहरू तथा लेखाका सर्वमान्य सिद्धान्तहरू अनुरूप वित्तीय विवरणहरू तयार पार्दा केही आवश्यक लेखा अनुमानहरू गरिएका छन् ।

१.३ वित्तीय विवरणहरू ऐतिहासिक लागतको अवधारणा अनुरूप तयार पारिएका छन् । वित्तीय विवरणहरू अविछिन्न निकाय (Going Concern) को आधारमा तयार पारिएका छन् ।

## २. स्थिर सम्पत्ति लेखाङ्कन नीतिः

२.१ स्थिर सम्पत्तिहरू ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) को आधारमा देखाइएको छ । कम्पनीले लेखाङ्कन गरेको सम्पत्ति नेपाल लेखामान ६ (NAS 06 - Property Plantand Equipment) लेखाङ्कन गरेको छ । सम्पत्ति प्राप्त गर्नका लागि गरिएका खर्च समेत समावेश गरी स्थिर सम्पत्ति पूँजीकरण गर्ने गरिएको छ ।

## ३. ह्रास कट्टी नीतिः

३.१ आयकर ऐन, २०५८ को अनुसूची २ बमोजिम ह्रास दरले घट्दो ह्रास कट्टी प्रणाली (Diminishing Balance Method) अनुसार ह्रास कट्टी गरिएको छ ।

३.२ कम्पनीले लेखाङ्कन गरेको ह्रास कट्टी नेपाल लेखामान ६ (NAS 06 - Property Plantand Equipment) अनुरूप व्यवस्था गरिएको छैन ।

३.३ स्थिर सम्पत्तिमा निम्न बमोजिमका दरले ह्रास कट्टी गर्ने नीति लिएको छ जुन आयकर ऐन, २०५८ को अनुसूची २ अन्तर्गत तोकेको दर अनुरूप छ ।

| क्र.सं. | सम्पत्ति | प्रतिशत |
|---|---|---|
| १. | भवन, स्ट्रक्चर तथा स्थायी प्रकृतिका यस्तै अन्य बनौटहरू | ५% |
| २. | फर्निचर, फिक्स्चर | २५% |
| ३. | कम्प्यूटर, तथ्याङ्क केलाउने उपकरण | २५% |
| ४. | अन्य सम्पत्ति (कम्प्यूटर सफ्टवेयर) | पाँच वर्षमा समदर |
| ५. | कार्यालय उपकरण | २५% |
| ६. | सवारी साधन | २०% |

## ४. पूँजीकृत नगरिने सम्पत्तिहरू सम्बन्धी लेखाङ्कन नीतिः

सामान्यतयाः एक वर्षभन्दा कम आयु भएका तथा प्रति इकाई मूल्य रू. ४,०००/- (रू. चार हजार मात्र) भन्दा कम भएका उपभोग्य सामानहरूलाई खरिद भएको वर्षमा नै खर्च लेख्ने नीति रहेको छ ।

## ५. आयकर व्यवस्था नीतिः

५.१ आयकर ऐन, २०५८ बमोजिम कुल आयमा करमुक्त आय कट्टा गरी रू. १,९४,२४,८७५/- (एक करोड चौरानब्बे लाख चौबिस हजार आठ सय पचहत्तर मात्र) चालु आ.व.को लागि आयकर व्यवस्था गरिएको छ ।

५.२ वित्तीय विवरण अनुसारको सम्पत्ति तथा दायित्वको रकम तथा करको आधारबीच फरक भई श्रृजना हुने अस्थायी अन्तर (Temporary Difference) को कारणले भविष्यमा श्रृजना हुने कर दायित्व तथा सम्पत्तिको लागत राख्ने उद्देश्य अनुरूप स्थगन करको लेखाङ्कन गरिएको

छ। स्थगन कर सम्पत्ति तथा दायित्व लेखाङ्कन गर्नका लागि जुन आय वर्षमा अस्थायी अन्तर समायोजन हुन सक्छ सोही वर्षको प्रचलित आयकर दर बमोजिम गणना गरिएको छ सोही दर भविष्यमा पनि कायम रहने अनुमान गरिएको छ। भविष्यमा पर्याप्त कर योग्य आम्दानी कायम भई श्रृजना हुने कर दायित्वलाई समायोजन गरी वासलातमा पर्न सक्ने असरलाई न्यून: गर्ने उद्देश्यले स्थगन कर सम्पत्ति लेखाङ्कन गरिएको छ।

६. **लगानी लेखाङ्कन नीति:**

६.१ कम्पनीले लगानीको लेखाङ्कन बीमा समितिको लगानी निर्देशिकाको अधीनमा रही निम्न बमोजिम लगानी गर्ने गरेको छ।

६.२ सरकारी वचतपत्र/ऋणपत्रमा गरिएको लगानीलाई अङ्कित मूल्य तथा परल मूल्यमध्ये जुन घटी हुन्छ सोही मूल्यमा लेखाङ्कन गर्ने नीति अवलम्बन गरिएको छ। लगानीको परल मूल्य अंकित मूल्यभन्दा बढी भएकोमा यसरी बढी भुक्तानी भएको रकमलाई लगानीको अवधि भित्र समानुपातिक रकमले अपलेखन गर्ने नीति रहेको छ। यस्तो रकमलाई अनुसूची २४ मा जनाउने गरेको छ।

६.३ बैंक एवं वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी भएका रकमहरूलाई परल मूल्यमा लेखाङ्कन गर्ने नीति रहेको छ। यसरी लगानी गरेको रकमको म्याद समाप्त भई तत्काल रकम फिर्ता प्राप्त नभएका तथा नेपाल राष्ट्र बैंकबाट संकटग्रस्त घोषणा भएका बैंक तथा वित्तीय संस्थाहरूमा भएका लगानीलाई सोही शीर्षकमा लेखाङ्कन गर्ने नीति लिएको छ। यसरी संकटग्रस्त घोषणा भएका बैंक तथा वित्तीय संस्थाबाट लेखापरीक्षण प्रतिवेदन मितिसम्म फिर्ता भएका रकमलाई कट्टा गरी बाँकी रकमलाई शंकास्पद आसामी व्यवस्था अनुसूची ११ मा जनाउने नीति अवलम्बन गरेको छ।

६.४ पब्लिक लिमिटेड कम्पनीहरूको शेयरमा लगानी गर्दा परल मूल्य वा बजार मूल्यमा जुन घटी हुन्छ सोही मूल्यमा देखाउने गरिएको तथा परल मूल्यभन्दा बजार मूल्य कम भएको अवस्थामा कम भएको रकम यकिन गरी लगानीमा नोक्सानको लागि व्यवस्था शीर्षक अन्तर्गत व्यवस्था गर्ने नीति अवलम्बन गरिएको छ।

६.५ बोनस शेयर प्राप्त भएको तथा लाभांश पूँजीकृत गरिएको रकमलाई आम्दानी जनाउने गरिएको छैन तथा बोनस शेयर संख्यालाई मात्र उल्लेख गरी परल मूल्य यथावतै कायम राख्ने गरिएको छ।

७. **सटही घटबढ समायोजन नीति:**

विदेशी मुद्रामा बैंकमा रहेको मौज्दातलाई आषाढ मसान्तमा नेपाल राष्ट्र बैंकद्वारा जारी विदेशी मुद्रा विनिमय दरको खरिद मूल्यमा लेखाङ्कन गरी विनिमय दर परिवर्तनबाट भएको रकम नाफा/नोक्सान देखाउने नीति अवलम्बन गरिएको छ।

८. **बीमाशुल्क आम्दानी लेखाङ्कन नीति:**

८.१ कम्पनीले नगद तथा चेक प्राप्तिको आधारमा बीमाशुल्क आम्दानी बाँध्ने नीति अवलम्बन गरेको छ जुन नेपाल लेखामान ७ (NAS-7 Revenue) अनुरूप छैन। असार मसान्तसम्म रकम प्राप्त भई बैंकमा जम्मा नभएका रकमलाई नगद तथा चेक मौज्दात शीर्षकमा देखाइएको छ।

८.२ एक वर्षभन्दा बढी अवधिको लागि एकमुष्ट बीमाशुल्क प्राप्त भएमा समानुपातिक रूपले बीमाशुल्क आम्दानी जनाउने नीति अवलम्बन गरेको छ।

९. **पुनर्बीमा कमिशन लेखाङ्कन नीति:**

पुनर्बीमकबाट प्राप्त कमिशनलाई नगद प्राप्ति वा पुनर्बीमकको समर्थन प्राप्त भएको आधारमा आम्दानी लेखाङ्कन गर्ने नीति अवलम्बन गरिएको छ।

१०. **अन्य आय लेखाङ्कन तथा बाँडफाँट नीति:**

बीमाशुल्क तथा प्रत्यक्ष आम्दानी बाहेकका आम्दानीहरू- लगानीबाट प्राप्त ब्याज, लाभांश, कर्जाबाट प्राप्त ब्याज, सटही नाफा तथा विविध आम्दानी इत्यादि बीमा समितिको निर्देशन बमोजिम अनुसूची २ मा जनाई प्रत्येक किसिमको बीमाको आय-व्यय हिसाब तथा नाफा-नोक्सान हिसाबको भारको आधारमा बाँडफाँट गर्ने नीति रहेको छ।

११. **कर्जा लेखाङ्कन नीति:**

कम्पनीले कर्मचारीहरूलाई बाहेक अन्य कर्जा प्रदान गर्ने गरेको छैन। कर्मचारीहरूलाई कर्जा उपलब्ध गराउँदा सेवा अवधिको आधारमा बढीमा एक वर्षको शुरूको तलब बराबर रकम बढीमा पाँच वर्ष भित्र कट्टा हुने गरी कम्पनीले लगानीबाट प्राप्त गर्ने न्यूनतम ब्याज दरमा कर्जा प्रदान गर्ने नीति अवलम्बन गरेको छ।

१२. **व्यवस्थापन खर्च बाँडफाँट नीति:**

कम्पनीले कुल व्यवस्थापन खर्चको १० प्रतिशत रकम नाफा-नोक्सान हिसाबमा लेखाङ्कन गरेको तथा बाँकी रहेको ९० प्रतिशत रकमलाई प्रत्येक किसिमको प्रत्यक्ष बीमाशुल्क रकममा अभिकर्ता कमिशन कट्टा गरी हुन आउने रकमलाई बीमा व्यवसायको भार मानी समानुपातिक रूपले बाँडफाँट गरी आय-व्यय हिसाबमा जनाउने गरेको छ।

**१३. बीमा दाबी भुक्तानी खर्च लेखाङ्कन नीतिः**

कम्पनीले दावीको खर्च लेखाङ्कन गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने रकम तथा सो दावी फछ्र्यौटको लागि आवश्यक परामर्श तथा अनुसन्धान खर्च समावेश गरी लेखाङ्कन गर्ने नीति अवलम्बन गरेको छ । कम्पनीको कर्मचारीहरूको पारिश्रमिक तथा अन्य खर्च रकम समावेश गरिएको छैन ।

**१४. बीमा दाबी बापत व्यवस्था लेखाङ्कन नीतिः**

१४.१ बीमा दावी बापत व्यवस्था गर्दा बीमितबाट प्राप्त दावीको सूचना, बिल भर्पाई, कोटेशन तथा सर्भेयरलाई नियुक्त गरेकोमा सर्भेयरबाट प्राप्त प्रतिवेदन तथा प्रतिवेदन प्राप्त नभएका दावीहरूको लागि सम्बन्धित सर्भेयरहरूसंग छलफल गरी दावी बापत दायित्व यकिन गरी व्यवस्था गर्ने गरेको छ ।

१४.२ श्रृजना भएको तर जानकारीमा नआएको (Incurred but not reported) बीमा दावी बापत चालु आ.व.को प्रतिवेदन मितिसम्म यस्ता कुनै दावी जानकारी प्राप्त नभएको हुनाले सो बापत चालु आ.व.मा रकम व्यवस्था गरिएको छैन ।

१४.३ बीमा नियमावली, २०४९ को नियम १५ को उप-नियम (घ) बमोजिम बीमा दावी भुक्तानी बापत खुद दायित्व रकमको एक सय पन्ध्र प्रतिशत रकम व्यवस्था गरी अनुसूची ६ मा देखाउने गरेको छ ।

**१५. खुद नाफा बाँडफाँट नीतिः**

नाफा-नोक्सान हिसाबबाट आएको खुद नाफाबाट स्थगन कर (Deferred Tax) बापत रकम घटाई/जोडी बाँकी रहेको रकमको ५० प्रतिशत रकम बीमा समितिको निर्देशन बमोजिम प्रत्येक किसिमको बीमा कोषमा आय-व्यय हिसाबबाट आएको बचतको अनुपातमा र नोक्सान आएमा सो कोषमा शून्य रकम राखी बाँडफाँट गरिएको छ । बाँकी रहेको ५० प्रतिशत रकम बाँडफाँटको लागि उपलब्ध रकम नाफा-नोक्सान हिसाबमा जनाइएको छ ।

**१६. कर्मचारीको उपदान, विदा तथा अन्य सुविधा बापत व्यवस्था नीतिः**

१६.१ कम्पनीले कर्मचारीलाई विनियमावली बमोजिम भुक्तानी गर्नुपर्ने उपदानको लागि नागरिक लगानी कोषसंग उपदान कोष योजना संचालन सम्बन्धी सम्झौता गरी सो कोषमा उपदान बापत रकम छुट्टै जम्मा गर्ने नीति अवलम्बन गरेको छ । साथै, कम्पनीमा स्थायी सेवामा कार्यरत तर पाँच वर्ष नपुगेका कर्मचारीहरूको हकमा पनि समानुपातिक हिसाबले उपदानको व्यवस्था गरिएको छ ।

१६.२ कर्मचारीको विदा तथा अन्य सुविधा बापत कम्पनीले गरिएको खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ । कम्पनीले कर्मचारीहरूलाई वार्षिक रूपमा घर विदा ३० दिन तथा बिरामी विदा ३० दिन संचित गरी बाँकी रहेको विदा बापत पारिश्रमिक प्रत्येक आर्थिक वर्षमा भुक्तानी गर्ने नीति रहेको तथा यसरी व्यवस्था गर्नुपर्ने रकम नागरिक लगानी कोषमा जम्मा गर्ने नीति रहेको छ ।

१६.३ कर्मचारीहरूलाई औषधोपचार खर्च बापत एक महिनाको तलब बराबर रकम उपलब्ध गराउने गरेको छ ।

**१७. शंकास्पद आसामी व्यवस्था नीतिः**

शंकास्पद आसामीलाई शत प्रतिशत व्यवस्था गरी नाफा-नोक्सान हिसाब व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ । यसरी व्यवस्था गरेको रकम प्राप्त भएको आर्थिक वर्षमा आम्दानी लेखाङ्कन गर्ने नीति रहेको छ ।

**१८. अपलेखन खर्च लेखाङ्कन नीतिः**

लगानीको अंकित मूल्य भन्दा परल मूल्य बढी भएको अवस्थामा त्यस्तो बढी रकमलाई लगानीको अवधि भित्र समानुपातिक दरले अपलेखन गर्ने नीति रहेको छ ।

**१९. असमाप्त जोखिम जगेडाः**

बीमा नियमावली, २०४९ को नियम १५(ख) बमोजिम सबै बीमा व्यवसायको खुद बीमाशुल्कको ५० प्रतिशत रकम असमाप्त जोखिम जगेडामा देखाइएको छ । यसरी व्यवस्था गरेको असमाप्त जोखिम जगेडालाई आगामी वर्ष आम्दानीमा जनाउने नीति रहेको छ । सामुद्रिक बीमाको हकमा विगत तीन आय वर्षसम्मको असमाप्त जोखिम जगेडालाई व्यवस्था गरी तीन आय वर्षभन्दा अघिको असमाप्त जोखिम जगेडालाई आम्दानी जनाउने नीति रहेको छ ।

**२०. महाविपत्ति कोषः**

महाविपत्ति कोषमा यस वर्ष रू. ४१,६६,९७०/- (एकचालीस लाख छैंसाठ्ठी हजार नौ सय सत्तरी मात्र) व्यवस्था गरेका छौं । महाविपत्तिको लागि छुट्टै पुनर्बीमा जोखिम सुरक्षण गर्ने नीति समेत अवलम्बन गर्ने गरेका छौं ।

**२१. बीमाकोषः**

बीमा समितिबाट जारी निर्देशन बमोजिम प्रत्येक बीमाको लागि छुट्टाछुट्टै बीमाकोष राख्नुपर्ने प्रावधान छ । नाफा-नोक्सानबाट आएको खुद नाफाबाट पर सारिएको कर बापतको रकम घटाई/जोडी हुने रकमको ५० प्रतिशत रकमलाई प्रत्येक बीमाको मुनाफाको भार बमोजिम बाँडफाँट गर्ने नीति रहेको छ ।

## वित्तीय विवरणसंग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची- २६

१. **सम्भावित दायित्वहरू:**

अ) कम्पनीको हालसम्म चुक्ता हुन बाँकी लगानी रहेको छैन ।

आ) कम्पनीले प्रत्याभूति प्रतिबद्धता गरेको छैन ।

इ) बीमालेख अन्तर्गतभन्दा बाहेकबाट कम्पनी उपर दावी परेको छैन ।

ई) कम्पनीले आफ्नो तर्फबाट कसैलाई कुनै ग्यारेण्टी गरेको छैन ।

उ) चालु आ.व. मा कम्पनीको अन्य सम्भावित दायित्व श्रृजना भएको छैन ।

२. भुक्तानी गर्न बाँकी दावी बापत दायित्व मूल्याङ्कन गर्दा कम्पनीको प्रमुख लेखा नीतिमा (अनुसूची २५ को बुँदा नं. १४) मा उल्लेख गरे बमोजिम गर्ने गरेको छ ।

३. कम्पनीको सम्पत्तिमा हालसम्म कुनै सीमितता तथा विवादहरू आएको छैन ।

४. कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि कुनै प्रतिबद्धता गरिएको छैन ।

५. अ) खरिद गरिएको सम्पूर्ण सम्पत्तिको स्वामित्व प्राप्त भएको छ ।
आ) हालसम्म बिक्री गरिएका सम्पूर्ण सम्पत्तिको भुक्तानी प्राप्त भएको छ ।

६. यस वर्षसम्म लगानी तथा बिक्री/फिर्ता लिएको विवरणहरू निम्न बमोजिम पेश गरिएको छ ।

| क्र.सं. | आ.व. २०६९/७० मा | नयाँ लगानी गरिएको रकम | लगानीको फिर्ता भुक्तानी प्राप्त रकम | खुद लगानी |
|---|---|---|---|---|
| १. | लगानी गरिएको र लगानी फिर्ताको विवरण | ३०,८२,८६,१९८ | २२,३८,५१,००० | ८,४४,३५,१९८ |
| २. | चालु वर्षको प्रारम्भमा भएको लगानी | - | - | ३९,२२,९८,०८८ |
| ३. | चालु वर्षको अन्त्यमा भएको लगानी | - | - | ४७,६७,३३,२८६ |

७. बैंक तथा वित्तीय संस्थामा रहेको कम्पनीको सम्पूर्ण खाताको मौज्दात समर्थन प्राप्त भई कम्पनीको खातामा देखाइएको रकमसंग हिसाब मिलान भएको छ ।

८. केही बीमक/पुनर्बीमकसंग बाहेक लिनु दिनु बाँकी हिसाब सम्बन्धित बीमक/पुनर्बीमकसंग समर्थन लिने तथा हिसाब मिलान कार्य अद्यावधिक गर्ने गरेको छ ।

९. **लगानी निर्देशनको पालना:**

९.१ कम्पनीले गरेको लगानी सम्बन्धमा नेपाल सरकार र सरकारको जमानत प्राप्त सेक्यूरिटीमा कुल लगानीको ६.५७ प्रतिशत लगानी भई बीमा समितिको निर्देशन अनुरूप नपुग रकम वाणिज्य बैंकको मुद्दती खातामा लगानी गरिएको छ ।

१०. **बीमकको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग भएको कारोबारको विवरण:**
चालु आ.व. २०७०/७१ मा कम्पनीको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग कुनै कारोबार भएको छैन ।

११. **बीमकले आफ्नो सम्पत्तिको सुरक्षणमा लिएको ऋणको धितो, शर्त तथा औचित्य:**

११.१ कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षणमा कुनै ऋण लिएको छैन ।

१२. **आयकर व्यवस्था**

(क) आ.व. २०६७/०६८, आ.व. २०६८/६९ तथा आ.व. २०६९/७० को आय विवरण सम्बन्धित राजस्व कार्यालयमा दाखिला गरिसकेको तथा कर निर्धारण हुन बाँकी रहेको छ ।

(ख) कम्पनीले चालु आय वर्षको लागि रू. १,९४,२४,८७५।- (रू. एक करोड चौरानब्बे लाख चौबिस हजार आठ सय पचहत्तर मात्र) आयकरको लागि व्यवस्था गरेको छ ।

१३. कम्पनीले चालु आ.व. मा ७०८ वटा क्रेडिट नोटहरूबाट रू. २०,७८,८७५।- (रू. बीस लाख अठहत्तर हजार आठ सय पचहत्तर मात्र) बीमाशुल्क फिर्ता गरेको छ। उक्त रकमहरू बीमालेखहरू मुख्यतयाः बीमितको निवेदन बमोजिम प्रतीत-पत्र रद्द, विदेशी राजदूतावासबाट भिसा अस्वीकृत भएको तथा दोहोरो बीमालेख बीमित तथा कर्जादाता बैंकबाट बीमा भएको अवस्थामा बीमित/बैंकको निवेदन बमोजिम रद्द गरी रकम फिर्ता गरिएको छ।

१४. कम्पनीले नेपाल सरकारको वचत-पत्र खरिद गर्दा परल मूल्यभन्दा खरिद मूल्य बढी भएको रकम समानुपातिक दरले अपलेखन गर्ने गरेको छ। यसरी अपलेखन गर्न बाँकी रकम रू. ३,५७,९००।- रहेको छ। सो रकमलाई अनुसूची २४ मा देखाइएको छ।

१५. कम्पनीका संस्थापक तथा संचालकहरूबाट १:१.१५ को अनुपातले हकप्रद शेयर बापत अग्रिम भुक्तानी प्राप्त रू. ८,१२,३८,६००।- (रू. आठ करोड बाह्र लाख अठ्तीस हजार छ सय मात्र) लाई अनुसूची २२ (चालु दायित्व) अन्तर्गत अन्य शीर्षकमा देखाइएको छ।

१६. कम्पनीको गत वर्ष तथा चालु वर्षमा लिज होल्ड सम्पत्ति नभएको तथा अपलेखन गरिएको छैन।

१७. वर्षभरिमा कम्पनीको वासलात बाहिरको कुनै कारोबार भएको छैन।

**१८. अघिल्ला बर्षहरूसंग सम्बन्धित आम्दानी तथा खर्चहरूको विवरणः**

१८.१ अघिल्ला वर्षहरूको कर बापत चालु वर्षमा नाफा-नोक्सान हिसाबमा खर्च लेखिएको छैन।

१९. वासलात, नाफा-नोक्सान हिसाब, आय-व्यय हिसाब लगायत वित्तीय विवरणलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुऱ्याउने अन्य टिप्पणीहरू निम्न बमोजिम रहेको छ।

१९.१ स्थगन कर सम्पत्ति (Deferred Tax Assets)

स्थगन कर सम्पत्ति/(दायित्व) (Deferred Tax Assets/Liabilities) को गणना करको दर तीस प्रतिशतले निम्न बमोजिम गरिएको छ।

| क्र.सं. | पर सारिएको सम्पत्ति र दायित्व विवरण | कर आधार र वित्तीय विवरणको फरक रकम | स्थगन कर सम्पत्ति/(दायित्व) | | |
|---|---|---|---|---|---|
| | | | शुरू मौज्दात | यस आ.व.को | अन्तिम मौज्दात |
| १. | शंकास्पद आसामी व्यवस्था | ४,५१,८२८ | ३६,०३५ | ९९,५१४ | १,३५,५४९ |
| २. | लगानी बापत व्यवस्था | २२,५४,६८६ | १३,०१,५५४ | (५,६५,१४८) | ७,३६,४०६ |
| ३. | स्थिर सम्पत्ति बापत | २१,१७,३७३ | (७,३८,११३) | १,०२,९०१ | (६,३५,२१२) |
| | **जम्मा** | | **५,९९,४७६** | **(३,६२,७३३)** | **२,३६,७४३** |

१९.२ अनुसूची १९ मा देखाइएको चेक मौज्दातहरूमध्ये मिति २०७१/०४/१५ गतेसम्म कम्पनीको खातामा रियलाईज नभएका रकम रू. ४,५१,८२८।- लाई अन्य व्यवस्था अन्तर्गत अनुसूची २३ 'क' मा देखाइएको छ। प्रतिवेदन मिति अगावै रू. ४,१८,८२८।- कम्पनीको बैंक खातामा रियलाईज भइसकेको छ। सो रकमलाई आगामी वर्ष आम्दानी जनाइने छ।

**१९.३ स्थिर सम्पत्ति पूँजीकरणः**

चालु आ.व. मा रू. ४७,२१,७७९।- लाई स्थिर सम्पत्ति तर्फ पूँजीकरण गरिएको छ।

**१९.४ प्रस्तावित लाभांशः**

कम्पनीले चालु वर्षको मुनाफा तथा गत वर्षको संचित मुनाफाबाट हाल कायम रहेको शेयरधनीहरूलाई रू. ३,५३,०७,३००।- बराबरको बोनस शेयर जारी गर्ने तथा शेयर जारी गर्दा लाग्ने आयकर बापत रू. १८,५८,२७९।- बराबर नगद लाभांशको प्रस्ताव गरिएको छ।

**१९.५ कर्मचारी बोनस व्यवस्थाः**

बोनस ऐन, २०३० को दफा ५ बमोजिम १० प्रतिशत रकम बोनस व्यवस्था गर्नुपर्ने प्रावधान भए पनि कर विभाग नीति शाखाको परिपत्र बमोजिम खुद मुनाफाई ११० ले भाग गरी सो रकमलाई १० ले गुणन गरी कायम हुने रकम रू. ६५,२२,४९८।- बोनसको लागि व्यवस्था गरिएको छ।

**१९.६ कर्मचारी आवासको व्यवस्थाः**

कर्मचारी आवासको व्यवस्था गरिएको छैन।

**१९.७ सम्पत्तिको बीमा:**

कम्पनीले आफ्नो कर्मचारीहरूको व्यक्तिगत दुर्घटना बीमा, मोटर तथा भवनको बीमा, बीमा समितिमा दर्ता भएका अन्य बीमा कम्पनीमा बीमा गर्ने गरेको छ।

**१९.८ पुनर्बीमा कमिशन:**

कम्पनीले पुनर्बीमा तथा मुनाफा कमिशन पुनर्बीमा सम्झौता बमोजिम त्रैमासिक विवरण तयार गरी पुनर्बीमकबाट समर्थन प्राप्त भए बमोजिम आम्दानी जनाउने गरेको छ।

**१९.९ शेयर पूँजी:**

कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्विकृत भई अभिलेख भए बमोजिमको अधिकृत पूँजी, जारी तथा चुक्ता पूँजी अनुसूची १३ मा उल्लेख गरिएको छ।

१९.१० कम्पनीले कर्मचारीहरूलाई उपदान बापत भुक्तानी गर्नुपर्ने रकम नागरिक लगानी कोषमा जम्मा गर्ने गरेको छ। उक्त कोषबाट प्राप्त हुने ब्याज रकम कम्पनीको आयमा अनुसूची २ मा जनाउने गरिएको छ। चालु आ.व. मा उक्त कोषबाट प्राप्त जानकारी बमोजिम ५.५ प्रतिशतका दरले ब्याज गणना गरिएको छ। उक्त अनुमानित तथा लेखापरीक्षण पश्चात् प्राप्त हुने रकमको अन्तरलाई लेखापरीक्षण पश्चात् प्राप्त विवरण बमोजिम फरक रकम लेखाङ्कन गर्ने गरिएको छ।

१९.११ गत वर्षका रकमहरूलाई आवश्यकता अनुसार पुन: वर्गीकरण तथा पुन: समूहीकरण गरिएका छन्। सबै अंकहरूलाई निकटतम् रूपैयाँमा देखाइएको छ।

अनुसूची- २७

## प्रमुख सूचकाङ्कहरू

| क्र.सं. | विवरण | सूचकांक | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७०/७१ | २०६९/७० | २०६८/६९ | २०६७/६८ | २०६६/६७ |
| १. | नेट वर्थ | रू. हजारमा | २,६८,६५४ | २,२५,०७० | १९२,७३१ | १७२,२२३ | १५५,९१० |
| २. | शेयर संख्या | संख्या | ११,७३,००० | ११,७३,००० | १०,२०,००० | १०,२०,००० | १०,२०,००० |
| ३. | प्रति शेयर किताबी मूल्य | रू. | २२९.०३ | १९१.८८ | १८८.९५ | १६८.८५ | १५२.८५ |
| ४. | खुद नाफा | रू. | ४५,८०० | ३४,२३३ | २२,९०२ | १८,८६७ | १६,९७६ |
| ५. | प्रति शेयर आय (EPS) | रू. | ३९.०५ | २९.१८ | २२.४५ | १८.५० | १६.३४ |
| ६. | प्रति शेयर लाभांश | रू. | - | - | ०.७९ | - | ८.०० |
| ७. | प्रति शेयर बजार मूल्य (MPPS) | रू. | ८९२ | १२४ | १३८ | १५७ | १६१ |
| ८. | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | २२.८५ | ४.२५ | ६.१५ | ८.४९ | ९.५७ |
| ९. | खुद बीमाशुल्क/कुल बीमाशुल्क | प्रतिशत | २९.७२ | ३२.७८ | ३४.५२ | ३६.३५ | २५.३८ |
| १०. | खुद नाफा/कुल बीमाशुल्क | प्रतिशत | ९.१२ | १०.३८ | १०.३२ | ११.२३ | ५.६४ |
| ११. | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | ६७.५१ | ५७.३२ | ५०.६९ | ४२.६९ | ८८.२४ |
| १२. | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ७.४१ | ९.३१ | १०.५६ | ११.२२ | ५.५२ |
| १३. | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमा शुल्क | प्रतिशत | २२.६७ | २८.५३ | २८.४३ | २८.६३ | १७.७१ |
| १४. | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | १०.८३ | १३.७१ | १८.३७ | १७.८४ | ९.६० |
| १५. | बीमा अभिकर्ता सम्बन्धी खर्च/कुल बीमाशुल्क | प्रतिशत | ६.१३ | ७.२५ | ७.०६ | ९.१७ | ५.५६ |
| १६. | बीमा अभिकर्ता संख्या | संख्या | ६८ | ५० | ४६ | ४४ | ४१ |
| १७. | कर्मचारी संख्या | संख्या | ९६ | ७२ | ७० | ७० | ७० |
| १८. | कार्यालयको संख्या | संख्या | १२ | ८ | ८ | ८ | ८ |
| १९. | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | ६१.४८ | ५७.४५ | ५९.४४ | ६५.७८ | ६२.४५ |
| २०. | कर्मचारी खर्च/कर्मचारी संख्या | रू. | ३४८,३०० | ३६०,४९५ | ३४६,३०१ | २८१,६६४ | २६८,५२९ |
| २१. | भुक्तानी हुन बाँकी दावी रकम/भुक्तानी भएको दावी रकम | प्रतिशत | ८२.५४ | ७२.९७ | ९४.७६ | १०६.९३ | १०८.४८ |
| २२. | भुक्तानी हुन बाँकी दावीको संख्या/कुल दावीको संख्या | प्रतिशत | ३७.८४ | ३४.२४ | ३७.०९ | ४८.६१ | ४४.५२ |
| २३. | कुल कायम रहेको बीमालेखको संख्या | संख्या | २४,८१० | २१,८०९ | १६,३७८ | १२,३७५ | १५,४८७ |
| २४. | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/ गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | २१.४२ | २०.९१ | ६४.८५ | ५६.४० | ५२.५० |
| २५. | दावी परेको बीमालेखको संख्या/ कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | ११.१ | ९.९४ | १३.६८ | १२.५० | १४.१३ |
| २६. | सोल्भेन्सी मार्जिन | प्रतिशत | - | - | - | - | - |

अनुसूची- २८

## बीमाङ्कको विवरण

(रू. लाखमा)

| क्र.सं. | बीमाको किसिम | कायम गरिएको बीमालेखको संख्या | | कायम रहेको बीमालेख अन्तर्गत जम्मा बीमाङ्क | | पुनर्बीमकलाई जोखिम हस्तान्तरण गरिएको बीमाङ्क | | बीमकले खुद जोखिम धारण गरेको बीमाङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १. | अग्नि | ५,२९७ | ४,८८४ | ४,७३,७२० | ४,५०,६३४ | ३,७७,७६४ | ३,८४,९२४ | ९५,९५६ | ६५,७१० |
| ४. | सामुद्रिक | १,९४७ | १,७१६ | १,६९,०९७ | १,१८,०५० | १,५७,०७८ | १,१०,४५६ | १२,०१९ | ७,५९४ |
| २. | मोटर | १३,२३२ | १४,३७९ | ९०,६१३ | ७,५२,८०६ | ४८,७८६ | ६,९२,६४० | ४१,८२७ | ६०,१६६ |
| ४. | इन्जिनीयरिङ्ग | ७५३ | ३७२ | २,५९,६०३ | १,२१,८५६ | २,५०,४५२ | १,१९,२६० | ९,१५१ | २,५९६ |
| ५. | विविध | ३,५३४ | ४,६६७ | २,४१,२२३ | २,५७,१६२ | १,७२,३८० | २,०७,५२३ | ६८,८४३ | ४९,६३९ |
| ६. | बाली तथा कृषि | ४७ | - | २२८ | - | १८२ | - | ४६ | - |
| ७. | हवाई | ५ | - | ३०,८८१ | - | ३०,७८३ | - | ९८ | - |
| | **जम्मा** | **२४,८१५** | **२६,०१८** | **१२,६५,३६५** | **१७,००,५०८** | **१०,३७,४२५** | **१५,१४,८०३** | **२,२७,९४०** | **१,८५,७०५** |

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

प्रिमियर इन्स्योरेन्स कं...
दर्ता नं. 6904
मिति 2072/03/10

बीमा समिति-२०४९ Insurance Board-1992

मिति : २०७२/०३/१०

वि.वि.शा.३०६(२०७१/७२) च.नं. ४४८६

श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि.,
नक्साल, काठमाण्डौ ।

विषय : आ.ब.२०७०/७१ को वित्तीय विवरण स-शर्त स्वीकृती बारे ।

यस समितिमा प्राप्त तहाँको मिति २०७२/०३/०९ (च.नं.४१४५/२०७१/७२) समेतको पत्र सम्बन्धमा लेखिंदैछ ।

बीमकको वित्तीय विवरण प्रतिको उत्तरदायित्व बीमकमा रहेको सर्वविदितै छ । समितिको मिति २०७२/०३/०८ (वि.वि.शा.३०४/२०७१/७२ च.नं.४४६८) को निर्देशन बमोजिम परिमार्जित भई उल्लिखित पत्रसाथ समितिको स्वीकृतिको लागि पेश भएको तहाँको आ.ब.२०७०/७१ को परिमार्जित वित्तीय विवरण देहायका शर्तहरु सहित स्वीकृत गरिएको व्यहोरा निर्णयानुसार आवश्यक कार्यार्थ अनुरोध गरिन्छ ।

१ बीमकले सर्भेयरहरुबाट समयमै सर्भे प्रतिवेदन लिई बीमितहरुलाई समयमै दावी भुक्तानी गर्ने तर्फ बीमक सचेत रहनु हुन ।
२ बीमकले नियुक्त गरेको सर्भेयरहरुले उल्लेख्य रुपमा सर्भे प्रतिवेदन तोकिएको समयमा पेश नगरेका सर्भेयरहरुलाई थप जिम्मेवारी दिने तर्फ बीमक सचेत रहनु हुन ।
३ बीमकले अण्डरराइटिङ्ग र दावी भुक्तानी प्रकृया प्रभावकारी बनाउनु हुन ।
४ बीमकले माइक्रो प्रोडक्टहरु तयार गरी न्यून आयस्तर भएको ग्रामिण जनताहरुसम्म बीमा सेवाको पहुँच पुऱ्याउनु हुन ।
५ समितिले जारी गरिएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गर्नु हुन ।
६ बीमकले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखा परीक्षकले औंल्याएका कैफियतहरु सुधार गर्नु हुन ।

(सन्तोष प्रसाई)
वित्त विश्लेषक

पो.ब.नं.: २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-Mail: info@bsib.org.np, bsib@wlink.com.np

कम्पनीको आ.व. २०७०/०७१ को वित्तीय विवरण २१ औं वार्षिक साधारण सभा प्रयोजनको लागि प्रकाशन गर्न बीमा समितिबाट स्वीकृति प्रदान गर्दा जारी गरेको शर्तहरूको सम्बन्धमा संचालक समितिको तर्फबाट देहाय बमोजिमको जवाफ पारित गरिएको छ ।

**१ : बीमकले सर्भेयरहरूबाट समयमै सर्भे प्रतिवेदन लिई बीमितहरूलाई समयमै दावी भुक्तानी गर्ने तर्फ बीमक सचेत रहनु हुन ।**

जवाफ : बीमकले सर्भेयरहरूबाट समयमै सर्भे प्रतिवेदन लिई बीमितहरूलाई समयमै दावी भुक्तानी गर्ने तर्फ बीमक सदैव सचेत रहेको र सर्भे प्रतिवेदनको लागि सर्भेयरहरूलाई निश्चित समयको अन्तरालमा ताकेता (Reminder) गर्ने गरिएको छ ।

**२ : बीमकले नियुक्त गरेको सर्भेयरहरूले उल्लेख्य रूपमा सर्भे प्रतिवेदन तोकिएको समयमा पेश नगरेका सर्भेयरहरूलाई थप जिम्मेवारी दिने तर्फ बीमक सचेत रहनु हुन ।**

जवाफ : बीमकले नियुक्त गरेको सर्भेयरहरूले उल्लेख्य रूपमा सर्भे प्रतिवेदन तोकिएको समयमा पेश नगरेका सर्भेयरहरूलाई थप जिम्मेवारी दिइएको छैन ।

**३ : बीमकले अण्डरराइटिङ्ग र दावी भुक्तानी प्रक्रिया प्रभावकारी बनाउनु हुन ।**

जवाफ : बीमकले दावी भुक्तानी प्रकृया प्रभावकारी बनाउनको निमित्त निरन्तर रूपमा software सम्बन्धी system मा अद्यावधिक गर्ने गरिएको । बीमितसंग प्रभावकारी रूपमा communication को लागि software बाट नै सिधा रूपमा e-mail र SMS पठाउने व्यवस्था मिलाइएको जानकारी गराउँदछौं । जसले गर्दा बीमित तथा सर्भेयरलाई प्रत्येक निश्चित अवधिमा Reminder तथा follow–up गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

**४ : बीमकले माइक्रो प्रोडक्टहरू तयार गरी न्यून आयस्तर भएको ग्रामीण जनताहरूसम्म बीमा सेवाको पहुँच पुऱ्याउनु हुन ।**

जवाफ : माइक्रो प्रोडक्टहरू तयार पारी न्यून आय भएका ग्रामीण जनता समक्ष बीमा सेवाको पहुँच पुऱ्याउन आवश्यक गृहकार्य र निकट भविष्यमा नै सो सेवा पुऱ्याउने तर्फ कम्पनी अग्रसर रहेका छौं ।

**५ : समितिले जारी गरिएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गर्नु हुन ।**

जवाफ : समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गर्न कम्पनी सचेत रहेको व्यहोरा अनुरोध छ ।

**६ : बीमकले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरीक्षकले औंल्याएका कैफियतहरू सुधार गर्नु हुन ।**

जवाफ : आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन र लेखापरीक्षकले औंल्याएका कैफियतहरू सुधार गर्ने तर्फ व्यवस्थापनलाई निर्देशन दिइएको छ ।


# प्रबन्ध–पत्र तथा नियमावलीमा संशोधन


## प्रबन्ध–पत्र


| क्र.सं. | हाल भइरहेको व्यवस्था | संशोधन गर्नको लागि प्रस्तावित | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | **दफा ८ कम्पनीको पूँजी संरचना:** कम्पनीको पूँजी संरचना देहाय बमोजिम हुनेछ।<br>(ग) कम्पनीको जारी पूँजी ६० प्रतिशत शेयर संस्थापकहरू र प्रचलित कानूनका अधिनमा रही स्वदेशी वा विदेशी बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्थालाई र ४० प्रतिशत शेयर सर्वसाधारण नेपाली नागरिकलाई बिक्री गरिने छ। कथंकदाचित माथि उल्लेखित भए बमोजिम शेयरहरू बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्था र सर्वसाधारण नेपाली नागरिकलाई बिक्री हुन नसकेमा यसरी बिक्री हुन नसकेको शेयरहरू आवश्यक भएमा बीमा समितिको परामर्श समेत लिई संचालक समितिको निर्णय बमोजिम संस्थापकहरू वा अन्य व्यक्तिलाई बिक्री गरिनेछ। | **दफा ८ कम्पनीको पूँजी संरचना:** कम्पनीको पूँजी संरचना देहाय बमोजिम हुनेछ।<br>(ग) कम्पनीको जारी पूँजी ५१ प्रतिशत शेयर संस्थापकहरू र प्रचलित कानूनका अधिनमा रही स्वदेशी वा विदेशी बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्थालाई र ४९ प्रतिशत शेयर सर्वसाधारण नेपाली नागरिकलाई बिक्री गरिने छ। कथंकदाचित माथि उल्लेखित भए बमोजिम शेयरहरू बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्था र सर्वसाधारण नेपाली नागरिकलाई बिक्री हुन नसकेमा यसरी बिक्री हुन नसकेको शेयरहरू आवश्यक भएमा बीमा समितिको परामर्श समेत लिई संचालक समितिको निर्णय बमोजिम संस्थापकहरू वा अन्य व्यक्तिलाई बिक्री गरिनेछ। | शेयर संरचनामा परिवर्तन हुने भएकोले। |

## नियमावली


| क्र.सं. | हाल भइरहेको व्यवस्था | संशोधन गर्नको लागि प्रस्तावित | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | **नियम ३:**<br>(ग) कम्पनीको जारी पूँजी ६० प्रतिशत शेयर संस्थापकहरू र प्रचलित कानूनका अधिनमा रही स्वदेशी वा विदेशी बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्थालाई र ४० प्रतिशत शेयर सर्वसाधारण नेपाली नागरिकलाई बिक्री गरिने छ। कथंकदाचित माथि उल्लेखित भए बमोजिम शेयरहरू बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्था र सर्वसाधारण नेपाली नागरिकलाई बिक्री हुन नसकेमा यसरी बिक्री हुन नसकेको शेयरहरू आवश्यक भएमा बीमा समितिको परामर्श समेत लिई संचालक समितिको निर्णय बमोजिम संस्थापकहरू वा अन्य व्यक्तिलाई बिक्री गरिनेछ। | **नियम ३:**<br>(ग) कम्पनीको जारी पूँजी ५१ प्रतिशत शेयर संस्थापकहरू र प्रचलित कानूनका अधिनमा रही स्वदेशी वा विदेशी बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्थालाई र ४९ प्रतिशत शेयर सर्वसाधारण नेपाली नागरिकलाई बिक्री गरिने छ। कथंकदाचित माथि उल्लेखित भए बमोजिम शेयरहरू बैंक, वित्तीय संस्था, बीमा व्यवसायसंग सम्बन्धित संस्था वा अन्य संगठित संस्था र सर्वसाधारण नेपाली नागरिकलाई बिक्री हुन नसकेमा यसरी बिक्री हुन नसकेको शेयरहरू आवश्यक भएमा बीमा समितिको परामर्श समेत लिई संचालक समितिको निर्णय बमोजिम संस्थापकहरू वा अन्य व्यक्तिलाई बिक्री गरिनेछ। | शेयर संरचनामा परिवर्तन हुने भएकोले। |
| २. | **नियम ३३**<br>(१) कम्पनीको व्यवस्थापनको लागि देहाय बमोजिम ७ जना संचालकहरू भएको १ संचालक समिति रहने छ।<br>(ख) समूह "ग" का शेयरवालाहरूले आफूमध्येबाट निर्वाचन गरेका संचालकहरू २ जना।<br>(ग) कम्पनी ऐन, २०६३ को दफा ८६ (३) बमोजिम नियुक्त संचालक १ जना।<br>यो व्यवस्था चौधौं वार्षिक साधारण सभादेखि मात्र लागू हुनेछ। | **नियम ३३**<br>(१) कम्पनीको व्यवस्थापनको लागि देहाय बमोजिम ९ जना संचालकहरू भएको १ संचालक समिति रहने छ।<br>(ख) समूह "ग" का शेयरधनी/सर्वसाधारण शेयरधनीहरूले आफूमध्येबाट निर्वाचन गरेका संचालकहरू ३ जना।<br>(ग) कम्पनी ऐन, २०६३ को दफा ८६ (३) बमोजिम नियुक्त संचालक २ जना।<br>यो व्यवस्था बाईसौं वार्षिक साधारण सभादेखि मात्र लागू हुनेछ। | शेयर संरचनामा परिवर्तन हुने भएकोले। |


नेट वर्थ
नेट वर्थ
(रू. हजारमा)
३०००००
२५००००
२०००००
१५००००
१०००००
५००००
०
१५५९१०
१७२२२३
१९२७३१
२२५०७०
२६८६५४
२०६६/६७
२०६७/६८
२०६८/६९
२०६९/७०
२०७०/७१


प्रति शेयर किताबी मूल्य
प्रति शेयर किताबी मूल्य
(रू. हजारमा)
२५०
२००
१५०
१००
५०
०
१५२.८५
१६८.८५
१८८.९५
१९१.८८
२२९.०३
२०६६/६७
२०६७/६८
२०६८/६९
२०६९/७०
२०७०/७१


खुद नाफा
खुद नाफा
(रू. हजारमा)
५००००
४००००
३००००
२००००
१००००
०
१६९७६
१८८६७
२२९०२
३४२३३
४५८००
२०६६/६७
२०६७/६८
२०६८/६९
२०६९/७०
२०७०/७१


## कुल तथा खुद बीमाशुल्क आय





| | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|---|---|
| कुल बीमाशुल्क आय | ३०४४५५३१० | १६८००४२६२ | २२१९८९२२६ | ३२९६६०७१९ | ५०२३३३६९० |
| खुद बीमाशुल्क आय | ७७२४२९२१ | ६१०७२६१८९ | ७६६३२९१४ | १०८०६५९७२ | १४९२८६१४५ |

## कुल बीमाशुल्क आय

### २०६९/०७०




### २०७०/०७१



## व्यवस्थापन समूह (केन्द्रीय कार्यालय

**सुद्युम्न प्रसाद उपाध्याय**
प्रमुख कार्यकारी अधिकृत

| | | | |
|---|---|---|---|
| **सहदेव तिवारी**<br>नायब महा-प्रबन्धक | **निरञ्जन कुमार भट्टराई**<br>सल्लाहकार | **भल्ला मास्के**<br>मुख्य प्रबन्धक | **दिपेन्द्र राज गौतम**<br>मुख्य प्रबन्धक |
| **मञ्जु धाख्वा**<br>प्रबन्धक | **सरला प्रसाई**<br>प्रबन्धक | **राजेश प्रसाद श्रेष्ठ**<br>प्रबन्धक | **कविता जोशी**<br>प्रबन्धक |
| **डोरिन्द्र राज दहाल**<br>प्रबन्धक | **रोहिनी कर्माचार्य**<br>नायव प्रबन्धक | **लक्ष्मी मैयाँ राजभण्डारी**<br>नायब प्रबन्धक | **बोधिरत्न बज्राचार्य**<br>नायव प्रबन्धक |
| **भगवान प्रधान**<br>सहायक प्रबन्धक | **निमा कर्माचार्य**<br>सहायक प्रबन्धक | **आदर्श श्रेष्ठ**<br>सहायक प्रबन्धक | |

## शाखा/उप-शाखा प्रमुख

| | | | |
|---|---|---|---|
| **निराजन शर्मा**<br>वीरगंज शाखा | **सिमान्त कोइराला**<br>विराटनगर शाखा | **शंकर अधिकारी**<br>नारायणगढ शाखा | **राम विक्रम अधिकारी**<br>पोखरा शाखा |
| **ठाकुर उप्रेती**<br>बिर्तामोड शाखा | **भरत अधिकारी**<br>बुटवल शाखा | **शिवि शाह**<br>न्यूरोड शाखा | **देवेन्द्र प्रसाद उपाध्याय**<br>पाटन शाखा |
| **भवानी प्रसाद भाट**<br>धनगढी शाखा | **सागर राज शाक्य**<br>नेपालगंज शाखा | **पंकज यादव**<br>भैरहवा शाखा | **प्रशान्त कर्माचार्य**<br>बनेपा शाखा |
| **प्रतिक श्रेष्ठ**<br>नयाँ बानेश्वर शाखा | **विजय कान्त झा**<br>जनकपुर उप-शाखा | **कृष्ण हरि पण्डित**<br>दमौली उप-शाखा | |

# Branches

**Birgunj Branch**
Adarshanagar, Birgunj
Tel: 051-529769
Email: brg@picl.com.np

**Biratnagar Branch**
Himalaya Road, Biratnagar
Tel: 021-521025
Fax: 977-21-536334
Email: brt@picl.com.np

**Narayanghat Branch**
Lions Chowk, Narayangadh
Tel: 053-570428, Fax: 056-570454
Email: nrg@picl.com.np

**Pokhara Branch**
New Road Marg, Pokhara
Tel: 061-533453, Fax: 061-533659
Email: pkr@picl.com.np

**Birtamode Branch**
Multi Chowk, Anarmani, Birtamode
Tel: 023-542848
Email: btm@picl.com.np

**Janakpur Sub-Branch**
Bhanu Chowk, Janakpur
Tel: 041-528071
Email: picljnp@wlink.com.np

**Butwal Branch**
Rajmarg Chauraha, Butwal
Tel: 071-551411
Email: btl@picl.com.np

**New Road Branch**
Pyukha, New Road
Tel: 01-4253043
Email: newroad@picl.com.np

**Patan Branch**
Kumaripati, Patan, Lalitpur
Tel: 01-5526557
Email: patan@picl.com.np

**Dhangadi Branch**
Main Road, Ward No. 3, Dhangadi
Tel: 091-520410, Fax: 091-520409
Email: dhg@picl.com.np

**Nepalgunj Branch**
Dhanboji, Surkhet Road, Nepalgunj
Tel: 081-527527
Email: npg@picl.com.np

**Bhairahawa Branch**
Narayanpath, Siddharthanagar, Rupandehi
Tel: 071-523180
Email: bhw@picl.com.np

**Banepa Branch**
Chadani Chowk, Banepa
Tel: 011-662156
Email: banepa@picl.com.np

**Dolakha Branch**
(Agri & Live Stock Insurance)
Bhimeshwor Nagarpalika
Dolkha Charikot
Tel: 049-421439

**Damauli Sub-Branch**
Safa Sadak, Byas Nagarpalika
Tel: 065-562529

**Parasi Sub-Branch**
Ramgram Nagarpalika
Sunuwal Road
Email: parasi@picl.com.np

**New Baneshwor Branch**
New Baneshwor, Kathmandu
Email: bnw@picl.com.np

## Branches in Offing Soon

**Itahari Branch**
Jute Bikash Chowk, Itahari

**Ilam Branch**
Nikunj Path, Ilam Nagarpalika

**Lahan Branch**
Lahan Nagarpalika

**Sarlahi Branch**
(Agri & Live Stock Insurance)
Hariwon Nagarpalika, Sarlahi

# टिपोट:

# टिपोट:

# गतिविधि



कम्पनीको व्यवस्थापन समूहको बैठक पछि
रोयल सिङ्गी होटल, काठमाडौंमा सामूहिक फोटो खिचाउँदै




अन्तर्राष्ट्रिय व्यापार मेला २०१५ मा कम्पनीको स्टल



शाखा प्रमुखहरूको बैठक मिराज लर्डस् ईन काठमाडौंमा



कम्पनीको नयाँ सडक शाखाको शुभारम्भको
अवसरमा पूजा गर्दै



बीमा समितिका अध्यक्ष प्रा. डा. फत्तबहादुर के.सी.ज्यूबाट कृषि
तथा पशु बीमाको दोलखा शाखा कार्यालयको उद्घाटन गर्नुहुँदै



कम्पनीबाट विनाशकारी भूकम्पबाट बुङ्गमती, ललितपुरका
पीडितहरूलाई जस्तापाता वितरण गरिँदै




DELIVERING PROMISE...

Engineering insurance

# Don't Learn Safety By Accident

PREMIER INSURANCE

www.premier-insurance.com.np

ANDROID APP ON Google play

**Head Office**:
Premier Bhawan, Naxal, Kathmandu,
P. O. Box: 9183, Ph: 4413543, 4439353, 4439358
Fax: 977-1-4413442, E-mail: premier@picl.com.np

**Branch Office**: Birgunj: 051-529769, Biratnagar: 021-521025, Narayanghat: 053-570428, Pokhara: 061-533453, Birtamod: 023-542848, Janakpur: 041-528071; Butwal: 071-551411, Newroad: 01-4253043, Patan: 01-5526557, Dhangadi: 091-520410, Nepalgunj: 081-527527, Bhairahawa: 071-523180, Banepa: 011-662156, Dolakha: 049-421439, Parasi, New Bhaneshwor